# सोताङ गाउँपालिका आवधिक योजना

## २०७४/०७५ - २०७८/०७९

### गाउँ सभाबाट स्वीकृत

मिति : –२०७४/१२/१५

सोताङ गाउँपालिका

सोलुखुम्बु ।

प्रस्तोता

लक्ष्मी कार्की बस्नेत

# सोताङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

**आवधिक योजना २०७४/०७५ - २०७८/०७९**

**पृष्ठभूमि :**

लामो संघर्ष र बलिदानीपूर्ण यात्रा पछि प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भएपछिको पहिलो स्थानीय तहको निर्वाचन २०७४ मा हामीलाई निर्वाचित गर्नुहुने सम्पूर्ण मतदाता प्रति उच्च आभार व्यक्त गर्न चाहान्छौं । "जनताको अधिकार जनताकै हातमा", "सिंहदरवारको अधिकार गाउँगाउँमा" जस्ता मिठा स्लोगनहरु जनताले धेरै गाएपनि जनताको जीवनमा सकारात्मक परिवर्तन, अनुहारमा खुसीको मुस्कान छाउन नसके ति स्लोगनको मूल्य नहुन पनि सक्छ । त्यसैले विकास र समृद्धिको लागि योजनावद्ध विकास जरुरी छ । समृद्ध सोताङको निर्माणको एक लक्ष्य प्राप्तिको लागि "जनता, जनप्रतिनिधि र कर्मचारीको एकता समृद्ध सोताङ निर्माणमा हाम्रो प्रतिवद्धता" लाई मूल मन्त्र बनाई सवैको सकारात्मक सुझावलाई आत्मसात गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छौं ।

**योजना तथा चुनौतिहरु :**

विगतमा लामो समयसम्म जनप्रतिनिधिको उपस्थिती नरहेकोले विकास निर्माण प्रक्रिया फरक तरिकाले हुने गरेको, नयाँ परिवेश अनुसार विकास निर्माणमा कार्य संचालन गर्नु, भौगोलिका विकटता कर्मचारी अभाव ।

**अवसर :**

विकास निर्माणमा जनता जनप्रतिनिधि र कर्मचारीको उच्च प्रतिवद्धता रहनु, प्रकृतिक स्रोत र साधन प्रचुर मात्रमा रहनु, देशमै सुशासन र स्थायी सरकारको लक्षण देखिनु, नेपाल सरकारबाट ठूलो रकम अनुदान प्राप्त हुनु ।

**सोच :**

समुन्नत र समृद्ध सोताङ निर्माण

**लक्ष्य**

सामाजिक न्याय सहित विकासशिल गाउँपालिका निर्माण गर्नु ।

**उद्देश्य :**

उत्पादनशिल रोजगारी उन्मुख लगानीबाट आन्तरिक आर्थिक वृद्धिदर बढाइ  आत्मनिर्भर बन्न आधार तयार पार्नु ।

**रणनीति :**

- कृषि क्षेत्रमा लगानी वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउनु ।
- प्राकृतिक स्रोतको उचित उपयोग गरी आर्थिक वृद्धि गर्नु ।
- यातायातको उचित विकास गरी व्यापार व्यवसायलाई सहज बनाउने ।
- समावेशी विकासको माध्यमबाट सुशासन कायम गर्नु ।

**आवधिक योजना (क्षेत्रगत रुपमा)**

**१. शिक्षा तर्फ :**

- विशेष कक्षा संचालनको माध्यमबाट निरक्षरता पूर्ण रुपले उन्मूलन गरिनेछ ।
- सम्भाव्यता अध्ययन गरी नमूना प्राविधिक विद्यालय संचालन गरिनेछ ।
- स्नातकोत्तरसम्म अध्यापनको व्यवस्था गरिनेछ । सोताङ पब्लिक क्याम्पसलाई आत्मनिर्भर बनाउने विशेष फण्डको व्यवस्था गरिनेछ ।
- एक विद्यालय एक विज्ञान प्रयोगशाला एवम् विद्यालय पुस्तकालयको अवधारण क्रमश लागु गरिने छ ।
- उत्कृष्ट विद्यालय, उत्कृष्ट वि.व्य.स., उत्कृष्ट शिक्षक एवम् उत्कृष्ट विद्यार्थीलाई प्रत्येक वर्ष सम्मान गर्ने नीति लिइनेछ ।
- आगामी शैक्षिक सत्रबाटै शुरु गरी विद्यालयमा शिक्षण भाषालाई अंग्रेजी भाषा बनाइने छ ।
- विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन यहि शैक्षिक सत्रबाट “हाम्रा बालबालिका हाम्रै विद्यालय” अभियान संचालन गरिनेछ ।
- उत्कृष्ट विद्यार्थीको उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

## २. कृषि/पशुपालन :

- कृषि तथा पशुपालन व्यवसायलाई गाउँपीलकको आर्थिक मेरुदण्डको रुपमा विकास गरिनेछ ।
- उचित स्थानमा चिस्यान केन्द्रको स्थापना गरिनेछ ।
- आगामी ३ वर्ष भित्रमा सवै प्रकारको मासुमा आत्म निर्भर र ५ वर्ष भित्रमा मासु निर्यात केन्द्रको रुपमा कार्यक्रम संचालन गरिनेछ ।
- सम्भाव्यता अध्ययन गरी प्रत्येक वडालाई क्षेत्रगत पशु केन्द्रको रुपमा विकास गर्दै लागिनेछ ।
- सम्भाव्यताको आधारमा प्रत्येक वडालाई विशेष कृषि उपज उत्पादन क्षेत्र घोषणा सोही अनुरुप कार्यक्रम संचालन गरिनेछ ।
- प्रभावकारी ढंगले कृषक अनुदान कार्यक्रम लागु गरिनेछ ।
- कृषि ऋृण, कृषि अनुदान, पशु ऋृण, पशु अनुदान जस्ता कार्यक्रम लागु गर्न विशेष फण्डको स्थापना गरिनेछ ।
- कृषिको व्यवसायीकरण एवं यान्त्रीकरण गा.पा.को पहिलो प्राथमिकता रहनेछ ।
- पकेट क्षेत्रलाई विस्तार गरी क्रमश : ब्लक र योजना स्तरोन्ती गरिनेछ ।
- नाम्लुङ्ग, धोद्रे, चित्रेलाई अलैची क्षेत्र, चेपेलाई आलु क्षेत्रको रुपमा विकास गर्ने ।
- ३ वर्ष भित्रमा तरकारीमा पूर्ण आत्म निर्भर र ५ वर्ष भित्रमा तरकारी निर्यात गरी आम्दानी वृद्धि गराइनेछ ।
- कफी, किभी, सुन्तला, केरा, अम्बा, आप जस्ता फलफुलको उत्पादन विस्तार गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सिँचाइको व्यवस्थाको लागि थोपा सिँचाइ, प्लाष्टिक पोखरी निर्माण जस्ता कार्यक्रम प्रभावकारी ढंगले अगाडि बढाइनेछ ।
- राशायनिक मललाई क्रमस विस्तापित गरी प्रागरिक मललाई स्थापित गरिनेछ नीति ल्याइनेछ ।
- एक घर एक करेसावारीको अवधारणा लागु गरिनेछ ।
- पशुमा नस्ल सुधार कार्यक्रम लागु गरिनेछ ।

## ३. यातायात/बाटो/पुल निर्माण

- कोशी वारीको विकास मेरुदण्डको रहेको कोशी नदीमा पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ ।
- आगामी आर्थिक वर्षभित्र सवै वडा कार्यलाई कच्ची रोड मार्फत भएपनि गाउँपालिका भवन सँग जोडिनेछ ।
- ट्र्याक खोलिएका सवै बाटोको स्तरोन्नती गरी बाह्रै महिना गाडी गुड्न सक्ने बनाइनेछ ।
- गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न पक्की भवन निर्माण गरीनेछ । वडा कार्यालय एवं विषयगत शाखा कार्यालयको आफ्नै भवन निर्माण गरिनेछ ।
- सवै गोरेटोबाटाहरुको उचित मर्मत सम्भार गरिनेछ ।
- हुँगा खोला तथा रोक खोलामा मोटरेवल पुल व्यवस्था गरिनेछ ।
- ऐशेलुखर्क देखि नामलुङ हुँदै महाकुलुङ सम्म सडक विस्तार गर्ने ।

## ४. स्वास्थ्य/वातावरण/सरसफाई तथा खानेपानी

- सबै वडा स्वास्थ्य एकाई स्थापना गरी “जनता स्वास्थ्य संस्थामा होइन स्वास्थ्य सेवा जनताको घरमा” भन्ने अवधारणा लागु गरिन्छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र सोताङलाइ न्यूनतम विशेषज्ञ सेवा सहितको हस्पिटल निर्माणको लागि विशेष योजनाका साथ काम गरिनेछ ।
- सल्यक्रिया सहितको प्रसूति सेवा तत्काल संचालनमा ल्याइनेछ ।
- सबै डेलिभरी स्वास्थ्य संस्थामा नै हुन सक्ने व्यवस्था मिलाइने छ ।
- वर्षमा १ वडा कम्तिमा स्वास्थ्य शिवरको नीति लिइनेछ ।
- आगामी आर्थिक वर्ष भित्र एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- लक्षित वर्गको लागि निःशुल्क औषधी वितरणलाई थप व्यवस्थित गरिनेछ ।
- लिन्गी खर्क खानेपानीलाई तत्काल संचालनमा ल्याइनेछ ।
- सरसफाई सम्बन्धि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- सडक छेउमा बोट विरुवा रोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

## ५. विद्युत/सूचना तथा संचार प्रविधि

- आगामी एक वर्ष भित्र काठको पोललाई फलामको पोलले विस्थापित गरिनेछ।
- ४ वर्ष भित्र सवैको घरमा विद्युत विस्तार गरिनेछ।
- विद्युतमा सवैको लागि लगानी विस्तार गर्न एक व्यक्ति सय शेयरको अवधारणा लागु गरिनेछ।
- विद्युत विक्री गरी आन्तरिक आयस्रोत विस्तारलाई उच्च प्राथमिकता दिइनेछ।
- सवै वडा कार्यालय एवम् विषयगत कार्यालयमा Internetको विस्तार गरी E-Governmenceको अवधारणा लागु गरिनेछ।
- गाउँपालिकाको सूचनालाई मोवाइल एप्सको विकास गरी सवै सूचना सवैको हात हातमा पुऱ्याइनेछ। Audio Notice (Troll Free), Group SMS Systemतत्काल लागु गरिनेछ।
- गाउँपालिका कार्यालयमा E- नागरिकवडापत्र तथा आवश्यक सूचनाहरु तत्काल Displyगराइनेछ।
- हस्तलिखित दस्तावेजहरुलाई ५ वर्षभित्र कप्युटराइज गराइनेछ।E-Dataप्रणाली लागु गरिनेछ।

**६. व्यापार तथा बाणिज्य :**

- आगामी ६ महिना भित्र बैंकको शाखा कार्यालय स्थापना गराइ सकिनेछ ।
- आन्तरिक स्रोतको मुख्य आधार सार्वजनिक, निजी, सहकारी हुने नीति लिइने छ ।
- "गाउँ गाउँमा सहकारी घरघरमा भकारी" भन्ने अवधारणालाई प्रभावकारी ढंगले व्यवहारमा ल्याइनेछ ।
- बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- सिसाजन्य बस्तुको प्रयोगलाई पूर्ण रुपले प्रतिबन्ध लगाइनेछ ।

**७. रोजगारी तथा पर्यटन :**

- युवा उद्यमीहरुलाई अभिप्रेरित गर्ने र लगानी गर्ने वातारणको सिर्जना गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी स्थानीय बस्तुहरु, हस्तकलाका सामानहरु उत्पादनमा जोड दिइनेछ ।
- युवाहरु लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न सिपमूलक तालिमहरुको व्यवस्था गरिनेछ।
- बैदेशिक रोजगारमा जानेहरुको लागि उचित किसिमको तालिमको व्यवस्था गरिनेछ ।
- पर्यटकिय क्षेत्रको प्रवर्द्धन गरी रोजगारीहरुको सिर्जना गरी आन्तरिक आयमा वृद्धि गरिनेछ ।
- किराँत साँस्कृतिक संग्रालय निर्माण र किराँतेश्वर मन्दिरको निर्माण गर्ने ।

**८. विविध**

- १० युवा १ उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- सामुहिक खेती तथा पशुपालन व्यवसाय संचालन गर्न किसान समूहको गठन विकास र विस्तार गरिनेछ ।
- गाउँघरमा भएका सिप र सिर्जनाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- घर घरमा विजुली परिवारमा कम्प्युटर पुर्‍याइनेछ ।
- उपयुक्त स्थानमा खेलमैदान निर्माण गरिनेछ ।
- विभिन्न कला, संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
- महिलाहरुको क्षमता आत्मनिर्भर बनाइनेछ ।
- एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

धन्यवाद !